**<u>बै.सं. १४/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८३/०३/०९</u>**

**<u>प्रस्ताव नं १ समिक्षा सम्बन्धमा ।</u>**

अघिल्लो कार्यपालिका बैठकको निर्णयको कार्यान्वयनको सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**<u>प्रस्ताव नं १ खुदुनाबारी साप्ताहिक हाट बजार ठेक्का स्वीकृति सम्बन्धमा ।</u>**

**प्रस्ताव पेश गर्ने शाखाः राजश्व शाखा**

प्रस्तावको व्यहोराः आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ बमोजिम आव २०८२/०८३ को यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्रको आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित (खुदुनाबारी) संकलनको लागि मिति २०८३/०१/१५ मा बोलपत्र आव्हानको (ठेक्का नं. AM/IR/०४/०८२/०८३) सूचना प्रकाशन भएको र सूचना बमोजिम १ वटा फर्मले आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी ) संकलनको लागि विद्युतीय माध्यमबाट प्रस्ताव पेश गरेको।प्राप्त भएको बोलपत्र प्रस्तावहरुको मूल्याङ्कन समितिको बैठकबाट नगरपालिकाले आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी)को लागि कायम गरेको न्युनतम रकम (मू.अ.क. बाहेक) रु.१,२४,३८,५४४ (अक्षेरेपी एक करोड चौविस लाख अड्तिसहजार पाँच सय चौवालिस मात्र) भन्दा प्राप्त बोलपत्र प्रस्तावहरु मध्ये सबै भन्दा बढी मूल्य अभिवृद्धि कर बाहेक रु.१,२५,७७,७७७/- (अक्षेरेपी एक करोड पच्चिस लाख सतहत्तर हजार सात सय सतहत्तर रुपैया मात्र) कबोल गर्ने विगन निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को प्रस्ताव स्वीकृतीको लागि नगर कार्यपालिका समक्ष पेश गर्ने निर्णय भई आएको।अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ को दफा ९(३) ले बीस लाख रुपैंया भन्दा माथिको बोलपत्र वा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई हुने व्यवस्था बमोजिम मूल्याङ्कन समितिबाट सिफारिस भई आएको बिगन निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को प्रस्ताव स्वीकृतको लागि नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ पेश भएको ।

**<u>निर्णयको व्यहोराः</u>** पेश भए बमोजिम आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी) संकलन सम्बन्धि बिगन निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को मूल्य अभिवृद्धि कर बाहेक रु.१,२५,७७,७७७/- (अक्षेरेपी एक करोड पच्चिस लाख सतहत्तर हजार सात सय सतहत्तर रुपैया मात्र) कबोल भएको प्रस्ताव पेश गर्ने निर्णय गरियो

**<u>बै.सं. १४/८२/८३  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८३/०३/०९</u>**

**<u>प्रस्ताव नं २ कवाडी कर संकलन सम्बन्धमा ।</u>**

**प्रस्ताव पेश गर्ने शाखाः राजश्व शाखा**

**<u>प्रस्तावको व्यहोराः</u>** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६१ मा गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ,प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउनेछ भन्ने कानूनी व्यवस्था भएको ।उपर्युक्त कानूनी व्यवस्था बमोजिम हालसम्म यस अर्जुनधारा नगरपालिकामा कवाडी कर संकलनको व्यवस्था नभएकोमा आगामी आर्थिक वर्ष २०८३/०८४ बाट कवाडी कर संकलनका लागि हालका लागि न्यूनतम कबोल रकम रु ३ लाख कायम गरी ठेक्का बन्दोवस्त हुन भनी नगरस्तरीय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएकाले सो सम्बन्धमा थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**<u>निर्णयको व्यहोराः</u>** पेश भए बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ बाट कवाडी कर संकलनका लागि हालका लागि न्यूनतम कबोल रकम रु ३ लाख कायम गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ विपद् व्यवस्थापन सम्बन्धि नदीजन्य पदार्थ सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः राजश्व शाखा**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८२/१२/२७ गतेको बैठकबाट यस नगरपालिकाका बिरिङ, टाङटिङ, सुखानी तथा गोयाङ खोलाका विभिन्न स्थानमा अत्याधिक मात्रामा नदीजन्य पदार्थ थुप्रिन गई मनसुनको समयमा आउने बाढी गाउँ पस्न सक्ने भएकाले उक्त सामाग्री व्यवस्थापनका जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने निर्णय भई अनुरोध हुँदा जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३/०२/१९ गतेको बैठकबाट उक्त क्षेत्रको स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन पेश गर्न समिति गठन गर्ने र प्राविधिक प्रतिवेदनमा विपद्को सम्भावना भई क्षति हुन सक्ने प्रतिवेदन प्राप्त भएमा वर्षातको समय सुरु हुनु अगावै उक्त स्थानहरुको नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्ने कार्य सम्बन्धित नगरपालिकाले मिलाउने भनी निर्णय भएको ।उक्त निर्णयानुसार गठित प्राविधिक टोलीले जिल्ला प्रशासन कार्यालयमा पेश गरेको प्रतिवेदन जिल्ला प्रशासन कार्यालय झापाको च.नं.१३३४२ मिति २०८३/०२/२७ को पत्रबाट आवाश्यक कार्यार्थ यस नगरपालिकामा पठाइएकाले सो सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव तथा प्रस्तावसाथ संलग्न प्राविधिक प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश भई छलफल हुँदा प्राविधिक प्रतिवेदनमा उल्लेखित बिरिङ, टाङटिङ तथा सुखानी खोलाका जोखिम क्षेत्रमा जम्मा भएका ढुङ्गा, गिट्टी बालुवा तथा माटोजन्य पदार्थको कारण बहाव क्षमता घटेको, बाढी तथा कटानको जोखिम बढेको, बस्ती तथा पूर्वाधारमा क्षति पुग्न सक्ने अवस्था सृजना भएकाले जोखिमयुक्त क्षेत्रमा थुप्रिएका नदीजन्य पदार्थ मनसुन सुरु हुनु भन्दा अगावै तत्काल हटाई व्यवस्थापन गरिनुपर्ने र जोखिम न्यूनिकरणका सम्पूर्ण कार्य सम्पन्न गरिनुपर्ने भनी सिफारिस भएको हुँदा उक्त प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**देहाय**

१. तोकिएका क्षेत्रमा थुप्रिएका नदीजन्य पदार्थ मेसिनरी उपकरण प्रयोग गरी तत्काल उत्खनन गरी हटाउन सुरु गर्ने,

२. हटाउने कार्यका लागि आवश्यक पर्ने मेसिनरी उपकरण तथा ढुवानी गर्ने साधन भाडामा लिई व्यवस्थापन गर्ने,

३. उत्खनन भएका नदीजन्य पदार्थलाई देहायानुसारका क्षेत्रमा घाटगद्दी गर्ने,

४. घाटगद्दी गरिएको नदीजन्य पदार्थलाई नदीजन्य पदार्थको आवश्यकता रहेका सडक मर्मत लगायतका अति आवश्यक आयोजनाहरुको पहिचान गरी त्यस्ता आयोजनाको लागत स्टेमट बमोजिम उपलब्ध गराउने।

५. बाँकी रहने नदिजन्य पदार्थको व्यवस्थापनका सम्बन्धमा मौज्दात विवरण प्राप्त भएपश्चात आवश्यक निर्णय गर्ने ।

**प्रस्ताव नं ५ ठेक्का रद्द सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः राजश्व शाखा**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८२/१०/१५ को निर्णयानुसार ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गर्ने निर्णयानुसार कार्यालयबाट ठेक्का बन्दोवस्त (ठेक्का नं AM/IR/03/082/83) हुंदा वस विल्डर्स प्रा.लि. ले रु ३१,८५,८००/- (एकतिस लाख पचासी हजार आठ सय मात्र) कबोल गरी पेश गरेको प्रस्ताव पेश स्वीकृत गर्ने निर्णय भई ठेक्का सम्झौताका लागि पत्राचार गर्दा ठेकेदार पक्षले स्थानीयवासीबाट ठेक्का बन्दोवस्त नगर्न पटक पटक धाकधम्की दिई ठेक्का चलाउने अवस्था नभएको भनी उपयुक्त कार्यवातावरणका लागि कार्यालयमा जानकारी गराएको र मिति २०८३/०२/२२ गते उक्त ठेक्कालाई लिएर उक्त वडाका जनप्रतिनिधिबाट पनि बारम्बार सम्झौता नगर्न मौखिक जानकारी आएको र विवाद रहेको हुँदा अब ठेक्का सम्झौता गरी उत्खनन गर्न छोटो समयमा सम्भव नभएको हुँदा उक्त ठेक्का रद्द गरिदिन र बिडबन्ड बापतको रकम फिर्ता गरिदिन भनी निवेदन दिएको हुनाले सो सम्बन्धमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** यस प्रस्तावमाथि छलफल गर्दा कार्यालयबाट ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि ठेक्का स्वीकृत भई सम्झौताका लागि पत्राचार गरे पनि ठेकेदार पक्षले ठेक्का सम्झौता गर्नु अगावै स्थानीयवासीबाट उक्त क्षेत्रमा उत्खनन नगर्न दबाब दिएकाले उपयुक्त कार्य वातावरण निर्माण गरिदिन भनी कार्यालयमा सम्पर्क गरेको, सम्बन्धित १ नं वडा कार्यालयले समेत स्थानीयवासीको विरोध रहेको र वडा नं १ मा नदीजन्य पदार्थ उत्खनन गरेमा असहज परिस्थिति हुन सक्ने भनी जानकारी गराएको, कार्यालयबाट स्थानीयवासीसँग छलफल गर्दा समेत उपयुक्त निष्कर्ष ननिस्किई उक्त स्थानमा नदीजन्य पदार्थ उत्खनन हुन सक्ने वातावरण निर्माण नभएकाले उक्त ठेक्का रद्द गर्ने र ठेकेदारको बिडबन्ड फुकुवा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६ आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम सम्बन्धमा ।**

प्रस्तावको व्यहोराः अर्जुनधारा नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट छलफल भई पेश भएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभाको उन्नाइसौं अधिवेशनमा पेश गर्नका लागि पेश भएको ।साथै, अर्जुनधारा नगरपालिकाको  अर्थ विधेयक, २०८३ तथा विनियोजन विधेयक २०८३ छलफलका लागि पेश भएको ।

निर्णयको व्यहोराः प्रस्ताव बमोजिम पेश भएको  अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट नीति तथा कार्यक्रम, अर्थ विधेयक २०८३ तथा विनियोजन विधेयक, २०८४ मा छलफल गरी पारित गरियो ।उक्त विधेयक तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट नीति तथा कार्यक्रम छलफलका लागि मिति २०८३/०३/१० गते बस्ने नगर सभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ सिफारिस समितिका सदस्य मनोनयन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम कर्मचारीहरुको तहवृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेकव तहवृद्धि सिफारिस समिति रहने व्यवस्था बमोजिम अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि सिफारिसका लागि गठन हुने  समितिको सदस्य मनोनयनका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा पेश भएको विषयमा छलफल गरी उल्लेखित सिफारिस समितिमा लेखा अधिकृत श्री गोविन्द रिजाल र अस्पताल नर्सिङ निरीक्षक श्री मञ्जु खतिवडालाई मनोनयन गर्ने निर्णय गरियो ।